annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ साउन २०८१ | आषाढ शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४४ | FRIDAY, JULY 19, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# विकास खर्च ५६% मात्रै

पुँजीगत खर्चले मुलुकको विकास, समृद्धि र आर्थिक गतिविधिमा प्रत्यक्ष असर गर्छ। तर, केही वर्षयता मुलुकको विकास खर्च घट्दै गएको छ। ५ आर्थिक वर्षको पुँजीगत खर्च औसत ५६ प्रतिशत मात्रै छ।

**ममता थापा** | *काठमाडौं*


– को रिपोर्ट

आर्थिक वर्ष २०८० र ८१ मा छुट्ट्याएको बजेटको विकास खर्चको स्थिति (रु.लाखमा)

कुल वार्षिक लक्ष्य
३,०२०,७४४

जम्मा खर्च
१,९१७,१७८
(६३.४७%)

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*




समाचार पृष्ठ २

# यसकारण अर्थतन्त्र गतिहीन

लामो समयदेखि देशको आर्थिक अवस्था गतिहीन हुँदा सम्पूर्ण क्षेत्रमा निराशा व्याप्त हुन पुग्यो। त्यसकारण र आधार पहिल्याएर नयाँ सरकारले अर्थतन्त्र चलायमान बनाउनु वाञ्छनीय छ। त्यसका लागि आर्थिक अधोगतिका मुख्य कारणहरू विज्ञहरूबाट यहाँ समीक्षा गरिएका छन्।

**सुनिता कार्की** | *काठमाडौं*

– को रिपोर्ट



निजी क्षेत्रको आत्मविश्वास घट्यो
**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



बजेट र मौद्रिक नीतिमा समन्वय हुन सकेन
**राजेश अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ



निर्माण क्षेत्रका समस्या सरकारले सुनेन
**रवि सिंह**
अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ



अब १० लाख पर्यटक भित्र्याएर मात्र पुग्दैन
**विनायक शाह**
अध्यक्ष, होटल संघ नेपाल (हान)



विकासका लागि वन मुख्य चुनौती
**मोहनकुमार डाँगी**
वरिष्ठ उपाध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल-इप्पान



मन्त्रीले भाषण गर्दैमा मात्रै लगानीको वातावरण बन्दैन
**डा. गोविन्दराज पोखरेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



लक्षित राजस्व अति नै कम उठ्यो
**डा. डिल्लीराज खनाल**
अर्थविद्

## सुनसान गाउँलाई हराभरा बनाउँदै छु



**चिरञ्जीवी पोखरेल**

इजलास

सुनसान बनेको गाउँलाई हराभरा बनाउन लागेको छु। देशमै पहिलोपटक दुईभन्दा बढी सन्तान जन्माउने दम्पतीलाई प्रोत्साहन दिने कार्यक्रम ल्याएँ। घट्दो जनसंख्याका कारण गाउँमा पढ्ने विद्यार्थी छैनन्। कृषि गर्ने जनशक्ति पाइँदैनन्।

देश विकासका लागि जनसंख्या अनिवार्य भएकाले यो अभियान चलाएँ। अर्कोतर्फ आधुनीकरणको नाममा अर्बौं रुपैयाँ विदेश पठाउने काम रोक्न गोरु पालन अभियान चलाएको छु। गोरु पालनबाट गाउँमै रोजगारी बढ्ने, जैविक मल उत्पादन वृद्धि हुने, माटोको गुणस्तर बढ्ने र अर्गानिक उत्पादनमा सहयोग पुग्ने भएकाले रासायनिक मलको प्रयोग घटाउने अभियानमा छौं।

गाउँमा अहिले ३१ हल गोरु जोगिएका छन् भने २ हल गोरु नयाँ भित्रिएका छन्। नयाँ हल गोरु किन्नेलाई ५ हजार र भएका हल गोरु स्याहार सुसारको लागी २ हजार ५ सय रुपैयाँ अनुदानको व्यवस्था गरेका छौं। हामीले गरेको काम अहिले सिंगो रिब्दीकोट गाउँपालिका भरी लागू भएको छ।

गाउँमा रोजगारी बढाउन तथा वातावरण संरक्षणका लागि सालको पातको दुना टपरी बनाउने काममा महिला परिचालन गरिएका छन्। हातले खुटेको एउटा दुनाको ५ रुपैयाँ र टपरीको १० रुपैयाँमा वडा कार्यालयले खरिद गर्छ। ती दुना टपरी गाउँकै भोज-भत्तेर, विवाह ब्रतवन्ध र सार्वजनिक समारोहमा प्रयोग गर्ने गरेका छौं।

गत वर्ष २४ जनाले बनाएका ७० हजारको दुना टपरी खरिद गरेका थियौं। वडामा जग्गा भएका तर घर नभएका व्यक्तिहरू गाउँमै घर बनाएर बस्न सकुन् भनेर चालु आर्थिक वर्षमा वडाबाट २० हजार रुपैयाँ सहयोग गर्ने अभियान चलाएका छौं। सहर बसेकालाई स्थानीय सरकारको पहलमा गाउँ फर्काउने योजनाका साथ यो सुरु गरिएको हो।

*(पोखरेल रिब्दीकोट गाउँपालिका-१ का अध्यक्ष हुन्।)*

# राष्ट्रिय सुरक्षा सल्लाहकारको 'आश्चर्यजनक' निरन्तरता

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

निवर्तमान पुष्पकमल दाहाल सरकारद्वारा सिर्जित एउटा पद न संविधानले चिन्छ, न त्यसको औचित्य छ, न त त्यो विवादरहित रह्यो। तर, त्यही राष्ट्रिय सुरक्षा सल्लाहकार पदमा आसिन शंकरदास वैरागी सरकार बदलिएको केही दिनसम्म पनि आश्चर्यजनक ढंगले अडिइरहेका छन्।

दाहाल गत असार २८ गते विश्वासको मत लिन नसकेपछि पदमुक्त भए। असार ३० मा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भए। दाहाल पदमुक्त भएसँगै उनले नियुक्त गरेका अधिकांश बाहिरिए। महान्यायाधिवक्ता दीनमणि पोखरेलले राजीनामा दिएर त्यस ठाउँमा रमेश बडालले शपथ लिइसके।

राष्ट्रिय सुरक्षा सल्लाहकार वैरागी भने राष्ट्रले थाहै नपाए जसरी पदमा आसिन छन्। त्यसो त उनको नियुक्ति नै सट्टाभर्नाका लागि भएको थियो। तत्कालीन प्रधानमन्त्री दाहालले २०८० जेठ ३२ गते उनलाई राष्ट्रिय सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकार नियुक्त गरेका थिए। त्यो उनकैका लागि बनाइएको पद थियो। उनलाई मन्त्री सरहको सुविधा दिइएको छ। नेपालको संविधानअनुसार राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्ष प्रधानमन्त्री हुन्छन्। परिषद्मा रक्षामन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री, मुख्य सचिव र प्रधानसेनापति सदस्य रहन्छन्। रक्षा सचिव सदस्य सचिव हुन्छन्। तर, त्यही संविधानमा कतै राष्ट्रिय सुरक्षा सल्लाहकारको व्यवस्था छैन। कहीं कतै नभएको पद सिर्जना गरेर 'व्यवस्थापन गर्न' राष्ट्रिय सुरक्षा सल्लाहकार बनाइएका वैरागीको भूमिका यो एक वर्षमा फिटिक्कै देखिएन र सुनिएन।



कतिपय देशमा यो पद भए पनि प्रधानमन्त्री पदमुक्त हुँदा सँगसँगै खाली हुन्छ। भारतमा अजित डोभाल तेस्रोपटक राष्ट्रिय सुरक्षा सल्लाहकारमा नियुक्त भएका छन्। नरेन्द्र मोदी तेस्रोपटक प्रधानमन्त्री भएसँगै उनको पनि नयाँ नियुक्ति भएको हो। उनको नियुक्ति प्रधानमन्त्रीको कार्यकाल सकिँदा वा अर्को आदेश नआएसम्म कायम रहनेछ। तर, दाहालले नियुक्त गरेका वैरागीले न राजीनामा दिए, न प्रधानमन्त्रीसँगै स्वत: बहिर्गमन भए। न नयाँ सरकारले हटाएको छ।

वैकुण्ठ अर्याललाई मुख्यसचिव बनाउन उनलाई कार्यकाल सकिन साढे तीन महिनाअघि मुख्यसचिवबाट राजीनामा गर्न लगाएर राष्ट्रिय सुरक्षा सल्लाहकार बनाइएको थियो। २०८० असोज १४ गते वैरागीको कार्यकाल सकिँदै थियो। तर, जेठ ३२ मै राजीनामा गर्न लगाएर, त्यही दिन राष्ट्रिय सुरक्षा सल्लाहकार बनाइएको थियो।

उता वैरागीपछि मुख्य सचिव बनेका अर्यालको सचिवको कार्यकाल सकिन तीन दिन मात्रै थियो। पाँच वर्षे सचिवको कार्यकालबाट असार २ गते बिदा हुन लागेका अर्याललाई जेठ ३२ मै मुख्य सचिव बनाइएको थियो। हाल मुख्यसचिव अर्याल निलम्बनमा छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अन्त:शुल्क स्टिकर छपाइमा भएको भ्रष्टाचारमा अर्याललाई मुद्दा चलाएको छ।

वैरागीलाई केपी शर्मा ओलीले नै मुख्यसचिव बनाएका थिए। २०७७ असोज १५ तत्कालीन मुख्यसचिव लोकदर्शन रेग्मीलाई बेलायतको राजदूत बनाउने सहमति गरेर ओली सरकारले उनलाई मुख्यसचिव बनाएको थियो। कात्तिक ३ गते अवकाश पाउने रेग्मीलाई दुई साताअघि नै राजीना दिन लगाएर वैरागी मुख्यसचिव बनाइएका थिए। उनले परराष्ट्र सचिवबाट मुख्यसचिव बन्ने दुर्लभ अवसरसमेत प्राप्त गरेका थिए।

# जसले होटललाई सांस्कृतिक सम्पदा बनाइन्

श्रद्धाञ्जली

**सुनिता कार्की** | *काठमाडौं*

पर्यटन व्यवसायी एवं महिला उद्यमी अम्बिका श्रेष्ठको निधन भएको छ। बत्तीसपुतलीस्थित द्वारिकाज होटलकी अध्यक्ष श्रेष्ठको बिहीबार बिहान ललितपुरस्थित मेडिसिटी अस्पतालमा ९२ वर्षको उमेरमा निधन भएको परिवारले जनाएको छ। श्रेष्ठ लामो समयदेखि निमोनिया र बाथरोगबाट ग्रसित थिइन्। उनको शनिबार अन्तिम दाहसंस्कार गरिने होटलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सन् १९३३ फेब्रुअरीमा भारतको सिक्किममा जन्मिएकी अम्बिका नेपालका व्यापारी घरानाका द्वारिकादास श्रेष्ठसँग विवाह गरेपछि काठमाडौं छिरेकी थिइन्। श्रेष्ठ दम्पती मिलेर बत्तीसपुतलीमा गोठबाट व्यवसाय सुरु गरे। उनीहरूले नेपाली कला र संस्कृतिलाई होटल व्यवसायको माध्यमबाट विश्वभर चिनाउने भूमिका निर्वाह गरे।

द्वारिकाज होटल सम्पदा होटलका रूपमा नेपालमा मात्र नभई विश्वमा प्रसिद्ध छ। श्रीमान्को मृत्युपछि अम्बिकाले हरेस खाइनन्। बरु द्वारिकाजलाई नयाँ उचाइमा लैजान सफल भइन्।

उनले नेपालको समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सुन्दरताको प्रबर्द्धनमा आफ्नो जीवन समर्पित गरिन्। फरकपनकै कारण द्वारिकाज होटलमा बस्न मात्रै पनि विदेशीहरू नेपाल आउने गरेको अन्य पर्यटन व्यवसायी बताउँछन्। पुराना वस्तुहरूको जगेर्ना गर्दै नेपाली संस्कृतिलाई द्वारिकामा आकर्षक ढंगले सजाइएको छ। नेपालको पहिलो बुटिक होटलका रूपमा पनि द्वारिकाज मानिन्छ।

नेपाली कला र संस्कृतिको संरक्षणमा परम्परागत नेपाली वास्तुकला र समर्पणका लागि प्रख्यात काठमाडौंको हेरिटेज होटल द्वारिकाजको अध्यक्षको भूमिकाका लागि उनी चर्चित छिन्। परम्परागत नेवारी वास्तुकला र आधुनिक विलासिताको अनुपम मिश्रणका लागि प्रसिद्ध द्वारिकाज होटल परिसरमा धेरै सम्पदा भवनहरू समावेश छन्। ती भवनहरू उत्कृष्ट काष्ठकला, टेराकोटा, र इँटा शिल्प कौशलद्वारा सज्जित छन्।

होटलमा प्रयोग गरिएका काठको कामको प्रत्येक टुक्रा सावधानीपूर्वक पुनर्स्थापना गरिएको छ। द्वारिकाजसँगै होटलका रिसोर्ट तथा रेष्टुँराहरू पनि सञ्चालनमा छन्। स्वास्थ्यमा समस्या आउन थालेपछि



उनकी ठूली छोरी संगिता श्रेष्ठ र नाति विजयले अहिले होटलको व्यवस्थापन हेर्दै आएका छन्। कान्छी छोरी विनिता श्रेष्ठ भने अमेरिकामा छिन्।

श्रेष्ठको निधनप्रति होटल संघ नेपालले गहिरो दु:ख प्रकट गरेको छ। श्रेष्ठको निधनबाट देशले पर्यटन विकासको सच्चा अभियन्ता गुमाएको होटल संघ नेपालका अध्यक्ष विनायक शाह बताउँछन्।

श्रेष्ठको निधनप्रति दु:ख व्यक्त गर्दै शाह अम्बिका श्रेष्ठले यस क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय रहेको बताउँछन्। 'होटल व्यवसाय धेरैले चलाएका छन्। तर, उहाँले कला, संस्कृतिलाई जोडेर नयाँ प्रयोग गर्दै द्वारिकाज होटललाई अघि बढाउनुभयो,' शाह सम्झिन्छन्। श्रेष्ठले नेपाललाई सस्तो गन्तव्यको रूपमा नभई संसारका आकर्षक र महँगा गन्तव्यमा बजारीकरण गर्न आवश्यक भएको बताउने गरेको शाह सुनाउँछन्। होटल व्यवसायमा मात्र नभई ट्राभल एन्ड टुरलगायतका दर्जनभन्दा बढी संघ-संस्थालाई हाक्न पनि सफल भइन्।

सफल महिला उद्यमीको रुपमा उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेकी छन्। अम्बिका श्रेष्ठको कृतिले नेपालको सांस्कृतिक परिदृश्यमा अमिट छाप छोडेको छ। द्वारिकाज होटलमा उनको नेतृत्व र विभिन्न सामाजिक पहलहरूमार्फत उनले नेपालको समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेकी छिन्। उनको विरासतले उद्यमशीलता, आतिथ्य र सांस्कृतिक संरक्षणको क्षेत्रमा धेरैलाई प्रेरणा दिइरहेको छ र दिइरहने छ।

## प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारमा रिमाल र आर्थिक सल्लाहकारमा खतिवडा





**काठमाडौं** (अन्नपूर्ण): प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख राजनीतिक सल्लाहकारमा विष्णुप्रसाद रिमाल नियुक्त भएका छन्। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले एमालेका उपमहासचिव रिमाललाई प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गरेको हो। त्यस्तै प्रधानमन्त्रीको विकास सल्लाहकारमा डा. युवराज खतिवडा नियुक्त भएका छन्। २०७४ सालमा ओली सरकारमा नै डा. खतिवडा अर्थमन्त्री भएका थिए।

बाँकी पृष्ठ ६